# साल्पासिलिछो गाउँपालिका

## आ.ब २०८२/८३

### पहिलो बैठक:२०८२।०५।०३

आज मिति २०८२।०५।०३ गते यस साल्पासिलिछो गाउँपालिकाको अध्यक्ष श्री दौलथ कुलुङ ज्यूको अध्यक्षतामा बसेको बैठक तपशिल बमोजिमको उपस्थितीमा निम्न प्रस्ताबहरुमाथी छलफल गरी सर्वसहमतिमा निर्णयको लागि पेश गरियो।

| क स | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | दौलथ कुलुङ | अध्यक्ष | |
| २ | अस्मिता कुलुङ | उपाध्यक्ष | |
| ३ | गणेश बुढाथोकी | वडाध्यक्ष | |
| ४ | गणेश खत्री | वडाध्यक्ष | |
| ५ | बिनोद राई | वडाध्यक्ष | |
| ६ | संजय राई | वडाध्यक्ष | |
| ७ | शिब कुमार राई | वडाध्यक्ष | |
| ८ | बिक्रम बन सन्यासी | वडाध्यक्ष | |
| ९ | कलावती राई | का पा सदस्य | |
| १० | बुनु राई | सदस्य सचिब(प्र प्र अ) | |

अन्य उपस्तिथी:

१ सुस्मा अधिकारी

<u>प्रस्ताबहरु</u>

१.विपद व्यवस्थापन सम्बन्धमा।

२.बुम्लिङ आधारभुत स्वास्थ्य ईकाइ माग सम्बन्धमा।

३.सामुदायिक स्वास्थ्य इकाई गुरुङगाउँ खारामा र छेडी सामुदायिक स्वास्थ्य इकाईलाई भवन माग सम्बन्धमा।

<u>निर्णय नं १</u>

प्रस्ताव नं १ माथी छलफल गर्दा यस साल्पासिलिछो गाउँपालकाको वडा नं ६ मा गएको बाढी पहिरोकोमा तपशिलको घर जग्गामा क्षति भएको हुँदा उक्त घर जग्गाको प्रहरी प्रतिवेदन र स्थलगत निरिक्षणको आधारमा न्युनतम १० हजार देखी अधिकतम १५ हजार सम्म आर्थिक सहयोग उपलब्ध गराउने साथै जिल्ला विपद ब्यबस्थापन समितीलाई आवश्यक सहयोगको लागि लेखि पठाउने निर्णय सर्वसहमतिबाट पारित गरियो।

Scanned with CamScanner

तपशिलः

१.बिगेन्द्र राई

२.बिजय राई

३.धर्मराज राई

४.दल बहादुर राई

५.ज्योती राई

६.कृष्ण बहादुर राई

७.भिम बहादुर बिष्ट

८.राज कुमार राई

९.देउराज राई

**निर्णय नं २**

प्रस्ताब नं २ माथी छलफल गर्दा बुम्लिङ आधारभुत स्वास्थ्य चौकीमा आ ब २०७६/७७ मा संघिय सरकार बाट १३,००,०००। अक्षरेपि तेह लाख प्राप्त भई फाउन्डेसन भएको र गाउँपालिकाको बिनियोजित बजेट बाट भवन बनेको भएतापनि भवन निर्माण कार्य अधुरो रहेको र बजेट अभाबको कारणले भवन निर्माण कार्य पुरा नभई जिर्णोधार भई व्यबस्थापन गर्न आबश्यक भएको र बुम्लिङ आधारभुत स्वास्थ्य चौकीको नाममा ५ रोपनी जग्गा समेत रहेको हुँदा स्वास्थ्य मन्त्रालयलाई रु ५०,००,०००। अक्षरेपी पचास लाख मात्र रकम माग गर्ने निर्णय सर्वसहमतीबाट पारित गरियो।

**निर्णय नं ३**

प्रस्ताब नं ३ माथी छलफल गर्दा सामुदायिक स्वास्थ्य इकाई गुरुङगाउँ खाटाम्मा र सामुदायिक स्वास्थ्य इकाई फेदीमा बिगत केही बर्षदेखी स्वास्थ्य सम्बन्धी सेवा प्रबाह भईरहेको साथै उक्त स्वास्थ्य इकाईको नाममा जग्गा समेत भएको र बजेट अभाबको कारणले भवन निर्माण कार्य हुन नसकेको र गाउँपालिकाले उक्त भवन निर्माणको लागि रकम बिनियोजन गर्न सक्ने अवस्था नरहेको हुँदा स्वास्थ्य मन्त्रालयलाई दुबै सामुदायिक स्वास्थ्य इकाईलाई रु ५०,००,०००। अक्षरेपी पचास लाख मात्र का दरले रकम माग गर्ने निर्णय सर्वसहमतीबाट पारित गरियो।

Daulath Kulung
Chairman

Scanned with CamScanner